बैठक संख्याः १०२
मितिः२०८१/१२/२०
समयः दिउसोको १२ बजे
स्थानः खुम्बु पासाङल्हामु गाउँपालिका को कार्यालय

आज मिति २०८१/१२/२० गते बुधबारको दिन दिउसोको १२ बजे यस खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतमा कार्यापालिका बैठक बसि तपशिल बमोजिमको निर्णय गरियो।

<u>उपस्थिति</u>

| क.स | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिङमा छिरी शेर्पा | अध्यक्ष | |
| २ | श्री टासी ल्हमु शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री आङ फुर्वा शेर्पा | कार्यपालिका सदस्य | |
| ४ | श्री लक्ष्मण अधिकारी | कार्यपालिका सदस्य | |
| ५ | श्री नुरु जाङबु शेर्पा | कार्यपालिका सदस्य | |
| ६ | श्री पासाङ ग्याल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| ७ | श्री फुनुरु शेर्पा | कार्यपालिका सदस्य | |
| ८ | श्री आङ माया शेर्पा | कार्यपालिका सदस्य | |
| ९ | श्री डिमा याङजीन शेर्पा | कार्यपालिका सदस्य | |
| १० | श्री उमा बराईली | कार्यपालिका सदस्य | |
| ११ | श्री ल्हाक्पा गेल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| १२ | श्री ल्हाक्पा छिरी शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री पासाङ डोमा शेर्पा | कार्यपालिका सदस्य | |
| १४ | श्री नवराज गौतम | प्रमुख प्रशासकीय अधिकृत | |

CamScanner

निर्णय नं. १

खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. १ पाङ्गोममा स्वास्थ्यचौकी निर्माण गर्नका लागि निःशुल्क जग्गा प्राप्तीका लागि मिति २०८१।११।११ गते सूचना प्रकाशन गरिएकोमा निर्धारीत मिति भित्र प्राप्त निवेदन तथा मिति २०८१।१२।१४ गते चलानी नं. २१५ को पत्र मार्फत वडा नं. १ को कार्यालयबाट प्राप्त सिफारिसका आधारमा खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. १ (साविक जुभिङ गा.वि.स. वडा ८) का ल्हाक्पा शेर्पाको नाममा कायम रहेको कित्ता नं. ६८ बाट ३ रोपनि जग्गा यस गाउँपालिकाको नाममा प्राप्त गर्नका लागि फिल्डमा गई जग्गाको प्राविधिक नापजाँच तथा मुल्याङ्कन गर्नका लागि यस कार्यालयको पुर्वाधार विकास तथा विपद् व्यवस्थापन शाखालाई जिम्मेवारी दिने र जग्गाको नामसारी लगायतका प्रशासनिक कार्य गर्नका लागि लेखा अधिकृत श्री चेतनाथ कटेललाई जिम्मेवारी तोक्ने ।

निर्णय नं. २

खुम्बु पासाङल्हामु गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयको लेखापरिक्षण गर्नका लागि मिति २०८१।०८।१४ मा सूचना प्रकाशन गरिएकोमा निर्धारित मितिमा पेश हुन आएका निवेदनका आधारमा देहायानुसारका लेखापरिक्षक नियुक्ती गर्ने ।

तपशिल

| क्र.सं. | विद्यालयको नाम | संस्थाको नाम |
|---|---|---|
| १ | श्री खरिखोला मा.वि., खरिखोला | एल बि खड्का एण्ड एसोसिएट्स, बुढिगङ्गा, मोरङ्ग |
| २ | श्री बुक्सा आ.वि. बुक्सा | |
| ३ | श्री मेरा आ.वि., खरिखोला | |
| ४ | श्री पाङकोनिजा आ.वि. पाङ्गोम | |
| ५ | श्री नौलेख आ.वि. पैंया | |
| ६ | श्री लुक्ला आ.वि., लुक्ला | |
| | श्री सगरमाथा आ.वि., सुर्के | |
| ७ | श्री महेन्द्र ज्योति मा.वि., चौरीखर्क | |
| ८ | श्री पेमा छोलिङ आ.वि., घाट | |
| ९ | श्री जनसेवा आ.वि., सानोगुमेला | |
| १० | श्री युवा वर्ष आ.वि., मञ्जु | |
| ११ | श्री खुम्जुङ मा.वि., खुम्जुङ | जि. तिम्सिना एण्ड एसोसिएट्स, मोरङ्ग |

CamScanner

| | | |
|---|---|---|
| १२ | श्री फोर्चे आ.वि., फोर्चे | |
| १३ | श्री पाङ्बोचे आ.वि., पाङ्बोचे | |
| १४ | श्री हिमालय आ.वि., नाम्चे | |
| १५ | श्री थामे आ.वि., थामे | |

निर्णय नं. ३

चालु आ.व. मा सञ्चालित योजना अन्तिम भुक्तानी हुन बाँकी योजनाको तत्कालै भुक्तानी गर्ने एवम् सम्झौता भएर कार्यान्यिन् नभएका योजना तत्काल शुरु गर्न निर्देशन दिने र सम्झौता तथा कार्यान्वियन हुन बाँकी योजना तत्काल कार्यान्वियन गर्ने ।

निर्णय नं. ४

खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ४ मा सञ्चालित श्री खुम्जुङ माध्यमिक विद्यालयका प्रधानाध्यापक कान्छा नुरु शेर्पाले आफ्नो पदबाट राजीनामा दिनुभएकाले खुम्बु पासाङल्हामु गाउँपलिकाको शिक्षा नियमावली, २०७९ को नियम ५१ को उपनियम (२) मा भएको व्यवस्था बमोजिम उक्त विद्यालयमा कार्यरत शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसका आधारमा रिक्त रहेको प्रधानाध्यापक पदमा नियुक्ती गर्ने ।

निर्णय नं. ५ विविध

क) खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ४ श्री खुम्जुङ माध्यमिक विद्यालयमा कार्यरत शिक्षक श्री शिव शंकर रामलाई वडा नं. ५ मा रहेको श्री थामे आधारभूत विद्यालय र श्री थामे आधारभूत विद्यालयमा कार्यरत शिक्षक श्री पेशल कुमार भट्टराईलाई श्री खुम्जुङ माध्यमिक विद्यालयमा काज सरुवा गर्ने ।

ख) स्वास्थ्यचौकी/स्वास्थ्यसंस्था र पर्यटन टिकट काउन्टरमा आवश्यक पर्ने ८ थान मोबाईल फोन सेट खरिद गर्ने ।

ग) वडा नं. ३ मञ्जुमा सञ्चालनमा रहेको क्लिनिकको लागि आवश्यक घरभाडाको लागि सूचना प्रकाशन गरिएकोमा प्राप्त भएका निवेदन अनुसार प्राविधिक शाखाबाट पेश हुने स्थलगत अनुगमन प्रतिवेदन अनुसार उपर्युक्त देखिएमा घरभाडा सम्झौता गर्ने ।

CS CamScanner

घ)

| क.सं. | छलफलका विषय | निर्णयको बेहोरा |
|---|---|---|
| १. | कर्मचारीको तह वृद्धि सम्बन्धमा | स्थानीय सरकारी सेवा (गठन र सञ्चालन) ऐन, २०८० को दफा ४ को उपदफा (५), दफा २७ को उपदफा (१) अनुसार तह वृद्धि हुने कर्मचारीहरुको तह वृद्धि गर्नका लागि ऐ ऐनको दफा २७ (४) बमोजिम गठित समितिको सिफारिस तथा मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय विराटनगरको च.नं. ३६१५, मिति २०८१।१२।१२ गतेको बढुवा समितिको राय परामर्श सम्बन्धको पत्रबाट बढुवा समितिको मिति २०८१।१२।१९ गतेको निर्णय समेतको आधारमा यस कार्यालयमा सव इञ्जिनियर पद सहायक पाँचौं तहमा कार्यरत श्री दिप कुमार बस्नेतको मिति २०८१।१०।०१ गतेबाट लागू हुने गरी देहाय अनुसार तह वृद्धि गर्ने । |

| हाल कार्यरत | तह वृद्धि हुने |
|---|---|
| पदः सव इञ्जिनियर | पदः इञ्जिनियर |
| समुहः इञ्जिनियरिङ | समुहः इञ्जिनियरिङ |
| सेवा: सिभिल | सेवा: सिभिल |
| तह: सहायक स्तर पाँचौं | तह: इञ्जिनियर छैटौं |

ङ) मिति २०८१।०४।३२ गते आएको बाढिबाट क्षतिग्रस्त श्री थामे आधारभूत विद्यालय हाल श्री खुम्जुङ मा वि मा अध्ययन अध्यापन हुदैं गरेकोमा हाल अस्थायी रूपमा संरचना तयार भई सकेको हुँदा थामेतेङमा विद्यालय सञ्चालन गर्न अस्थायी अनुमति प्रदान गर्ने ।

च) कार्यालयमा प्राप्त भएका निवेदन तथा निवेदनका साथ संलग्न कागजातका आधारमा खुम्बु पासाङल्हामु गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०८० को दफा ४ बमोजिम देहाय अनुसारका निर्माण व्यवसायीलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र प्रदान गर्ने ।

अ) प्रोपाईटर अमृत मगर रहेको दुधकोशी रिभर कनस्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., खुम्बु पासाङल्हामु गाउँपालिका, वडा नं. २, लुक्ला ।

आ) प्रोपाईटर ल्हाक्पा छिरी शेर्पा रहेको शेर्पा वर्ल्ड ईन्फ्रास्ट्रक्चर, खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ३, गुमेला ।

छ) वडा नं. २ सुर्केमा अस्थायी प्रहरी चौकी स्थापना गर्न जिल्ला प्रशासन कार्यालय मार्फत जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुलाई अनुरोध गर्ने ।

CamScanner

ज) खुम्बु पासाङल्हामु गाउँपालिका अन्तर्गत डिम दोर्जी शेर्पा पर्यटन सडकमा यातायातको चाप वढे सँगै वडा नं. १ मा ट्राफिक प्रहरी पनि आवश्यक रहेको हुँदा वडा नं. १, खरिखोलामा ट्राफिक प्रहरी खटाउनका लागि जिल्ला ट्राफिक कार्यालय, सोलुखुम्बुलाई अनुरोध गर्ने ।

झ) यस गाउँपालिकाको आधार शिविर व्यवस्थापन कार्यविधि, २०८० को व्यवस्था अनुसार सगरमाथा आधार शिविरको फोहोर व्यवस्थापन र आधार शिविर व्यवस्थापन को कार्य सगरमाथा प्रदुषण नियन्त्रण समिति (SPCC) ले गर्दै आएकोमा सो को विवरण र जानकारी नियमित रुपले यस पालिकालाई उपलब्ध गराउने साथै (SPCC) ले सगरमाथा क्षेत्रमा हेलिकप्टर वाट हुने उडान लगायतका अन्य नियमित अनुगमनको लागि यस पालिकावाट खटिएका कर्मचारी एंव नगर प्रहरी लाई आवश्यक सहयोग र सहकार्यका लागि समन्वय गर्ने ।

ञ) डिम दोर्जी शेर्पा पर्यटन सडकको ट्र्याक खोल्ने क्रममा क्षति भएका यस पालिकाका वडा नं.-

१ का घरधुरीहरुको भौतिक क्षतिको एकिन पालिकाको पुर्वाधार विकास तथा विपद् व्यवस्थापन शाखा र वालीनालीको क्षतिको एकिन कृषि विकास शाखावाट गर्ने र सो कार्यका लागि आवश्यक सहजीकरण वडा नं. १ को कार्यालयले गर्ने ।

ट) पशु वधशाला निर्माणको लागी संघिय सशर्त अनुदान वाट रु. २० लाख वजेट प्राप्त भएकोमा यस पालिकाभित्र वधशाला संचालन गर्न नमिल्ले साथै हाल माप्य दुधकोशी गाउँपालिका वडा नं.-१, हेल्कुमा सामान्य वधशाला संचालनमा रहेकोले उक्त वधशाला रहेको ठाउँमा दुवै पालिकाको संयुक्त लगानीमा अत्याधुनिक तरिकाले पशु वधशाला निर्माण गर्न माप्य दुधकोशी गाउँपालिकालाई अनुरोध गर्ने र उक्त वधशाला निर्माण कार्यको खर्च माप्य दुधकोशी गाउँपालिकाको सिफारिस अनुसार भुक्तानी दिने ।

ठ) खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ५ थामेमा वाढीवाट क्षतिग्रस्त स्थानलाई सुरक्षित बनाउनाका लागि थामे खोलामा तटबन्ध निर्माण गर्नका लागि प्राविधिक शाखाबाट लागत अनुमान तयार गरि विपद् व्यवस्थापन शिर्षकबाट खर्च गर्ने ।

CamScanner